नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:- २०७७/०७८
चलानी नं.:-९८४

मितिः- २०७७/१०/०८

विषयः- निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री स्थानीय तह , (सबै)।

प्रस्तुत विषयमा निर्वाचन आयोग, नेपालको पत्र सं.२०७७/७८ च.नं. नामावली/२०१/४३ मिति २०७७/१०/०२ को पत्रबाट बैठकको निर्णय कार्यान्वयन सम्बन्धी प्राप्त पत्र संलग्न छ। सो सम्बन्धमा थप व्यहोरा पत्रबाटै अवगत गर्नु भई निर्णय कार्यान्वयनको लागि आवश्यक व्यवस्था हुन आदेशानुसार अनुरोध छ।

..............................
जनकराज शर्मा
शाखा अधिकृत

बोधार्थः-

श्री निर्वाचन आयोग, नेपाल, कान्तिपथ, काठमाण्डौं।
श्री सूचना तथा प्रविधि शाखा, website मा upload गरिदिनुहुन।

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं. Ref: २०७७/७८/नामावली/२.१/४३

मिति: २०७७/१०/०२

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौं ।

बिषय: बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा ।

मतदाता नामावली अद्यावधिक (दावी विरोध समेत) कार्यक्रम, २०७७ कार्यान्वयनका सन्दर्भमा आयोगमा मिति २०७७/१०/०२ गते बसेको "केन्द्रीय समन्वय तथा अनुगमन समिति" को बैठकबाट देहाय बमोजिमको निर्णय भएकोले तहाँ मन्त्रालयसँग सम्बन्धित विषयमा मातहतका निकायलाई निर्देशन तथा स्थानीय तहहरूलाई कार्यान्वयन एवम् समन्वयको लागि लेखी पठाउने व्यवस्था हुन निर्णयानुसार अनुरोध छ ।

<u>बैठकको निर्णय:</u>

१. मतदाता नामावली अद्यावधिक (दावी विरोध समेत) कार्यक्रम, २०७७ बमोजिम सम्पादन गर्नुपर्ने कार्यहरू कार्यतालिका बमोजिम निर्धारित समयमा सम्पन्न गर्न जिल्ला कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिलाई निर्देशन दिने ।

२. कार्यक्रममा आवश्यक सहयोग पुऱ्याउनका लागि मातहतका ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई देहाय अनुसार निर्देशन दिन गृह मन्त्रालयलाई अनुरोध गर्ने ।

(क) तोकिएको समयभित्र सबै जिल्लामा बैठक बस्ने व्यवस्था मिलाउने,
(ख) कार्यक्रम कार्यान्वयन गर्न जिल्ला स्तरमा आवश्यक जनशक्तिको व्यवस्थापनमा सहजीकरण गर्ने,
(ग) मतदाता नामावली अद्यावधिक कार्यक्रमको सुपरीवेक्षण, अनुगमन, समन्वय गर्ने,
(घ) मतदाता नामावली अद्यावधिक कार्यक्रमको सुरक्षा व्यवस्थापन गर्ने,

३. कार्यक्रममा आवश्यक समन्वयका लागि सबै स्थानीय तहहरूलाई देहायका विषयमा लेखी पठाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने ।

(क) समग्र कार्यक्रम सञ्चालनमा आवश्यक समन्वयका लागि सबै स्थानीय तहहरूलाई परिपत्र गरिदिने,
(ख) कार्यक्रम कार्यान्वयन गर्न जिल्ला स्तरमा आवश्यक जनशक्तिको व्यवस्थापनमा सहजीकरण गर्ने,
(ग) तोकिएको समयभित्र बैठक बस्ने र कार्यक्रमको प्रचारप्रसारको लागि आवश्यक सहयोग गर्न स्थानीय तहहरूलाई परिपत्र गरिदिने,
(घ) कार्यक्रमको बुँदा नं. ५.२ मा स्थानीय तहमा कार्यक्रम सञ्चालन गर्नको लागि सम्बन्धित स्थानीय तहमा कार्यरत सहायक स्तरको कर्मचारी वा स्थानीय तहको केन्द्र रहेको वडाको वडा सचिवलाई सहायक नाम दर्ता अधिकारीको रूपमा परिचालन गर्ने व्यवस्था गरिएको

"स्वतन्त्र र निष्पक्ष निर्वाचन, राष्ट्रका गौरव"
"Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ फ्याक्स (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel (977-1) 4228663, Fax (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

भएता पनि सहायक नाम दर्ता अधिकारी तोक्दा गाउँपालिकामा भए पाँचौ तह वा सोभन्दा माथिको, नगरपालिकामा भए छैटौ तह वा सो भन्दा माथिको तथा उप महानगरपालिका र महानगरपालिकामा सातौ तह वा सोभन्दा माथिको सम्बन्धित स्थानीय तहमा कार्यरत कर्मचारीलाई खटाउन प्राथमिकता दिने ।

४. निर्वाचन आयोगले विभिन्न तहका निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने संवैधानिक दायित्व पूरा गर्ने प्रयोजनका लागि विभिन्न निकायसँग समन्वय गरी कार्यसम्पादन गर्नु पर्ने हुन्छ । जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकायहरूसँग र स्थानीय तहहरूसँग समन्वय र सहजीकरण गर्ने सहजताका लागि एक जना राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारीलाई निर्वाचन समन्वय व्यक्ति तोकि पठाउन गृह मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने ।

(ऋषिराम भुसाल)
उपसचिव एवम् सदस्य सचिव

<u>बोधार्थ</u>
श्री जिल्ला निर्वाचन कार्यालय, सबै ।


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np